# सामाजिक लैङ्गिक विभेदमा आधारित हिँसा सम्बन्धि जानकारी मुलक सन्देशहरु

## लैङ्गिक विभेदमा आधारित हिसा भनेको के हो ?



### लैङ्गिकता र लिङ्ग (*GENDER AND SEX*):

लैङ्गिक विभेदमा आधारित हिंसा बुझ्नका लागि लिङ्ग (Sex) र लैङ्गिकता (Gender) का बारेमा छोटो जानकारी पाउनु अति आवश्यक हुन्छ।

**लैङ्गिकता (*Gender*)**
धेरै समाजमा पुरुष र महिला विच शारीरिक बनोटले मात्रै फरक छुट्याईदैन महिला र पुरुषको गुण र रुप दवैले फरक हुनु पर्दछ भन्ने सोचाइ रहेको राख्दछ । समाजमा महिला र पुरुषले खेल्ने भिन्ना-भिन्नै भूमिका तथा उक्त भूमिकाका कारण उत्पन्न हुने सम्बन्ध लैंशिकता हो । सामाजिक लिङ्ग सम्बन्धि अवधारणाले समाजमा रहेको महिला र पुरुषको आर्थिक सामाजिक र सांस्कृतिक विशेषता र अवसरहरू बारे उल्लेख गर्दछ। छोरी भएपछि गुन्यू चोलो, साडी वा कुर्ता सुरुवाल र छोरा जन्मेपछि दौरा सुरुवाल, प्यान्ट - सर्ट लगाउनुपर्छ, महिलाले दैलो लिप्ने, पानी ल्याउने, खाना पकाउने, छोराछोरीको स्याहार सुसार गर्ने र पुरुषले बाहिर गएर कमाइ-धमाइ गर्नुपर्छ भन्ने जस्ता सामाजिक मूल्य मान्यता लैङ्गिकता हो।

**लिङ्ग (*Sex*):**
महिला र पुरुषमा हुने जैविक भिन्नता वा जैविक पहिचान लिङ्ग हो । हामी बच्चा जन्मना साथ यो पुरुष हो वा महिला भन्ने कुरा यसको प्रजनन अङ्गका आधारमा छुट्याउँछौं। यो जन्मबाटै आएको हुन्छ। यस किसिमको पहिचान एउटै हुन्छ । यो सर्वव्यापी हुन्छ र दुनियाँको जुनसुकै कुनामा पनि अपरिवर्तनीय हुन्छ।

महिला, पुरुष वा यौनिक अल्पसंख्यक भएकै आधारमा कुनै व्यक्ति माथि हुने वा गरिने हिंसालाई लैङ्गिक विभेदमा आधारित हिंसा भनिन्छ। यसमा यौनजन्य, शारीरिक, मानसिक अथवा यौनिक क्षतिः पीडा दिनु वा त्यस्तो क्षतिःपीडाको धम्की दिनु, बाध्य पार्नु वा अन्य किसिमले स्वतन्त्रत्प हनन् गर्नु समेत पर्दछन् जुन मानव अधिकारको गम्भीर उलङ्घन समेत हो । विश्वमा हरेक तीन मध्ये एक जना महिलाले आफ्नो जीवन भरीमा शारीरिक वा यौनजन्य हिंसा भोगेका हुन्छन् भन्ने तथ्याङ्क रहेको छ।

कुनै पनि व्यक्तिलाई ऊ महिला, पुरुष वा लैङगिक तथा यौनिक अल्पसंख्यक भएकै कारणले गरिने शारीरिक, मानसिक वा यौनिक रूपले दिइने पीडा वा गरिने काम र व्यवहारहरु नै लैङ्गिक हिंसा हो। यसले कार्य स्थलमा हुने यौनजन्य दुव्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा समेतलाई बुझ्नु पर्छ।




### लैङ्गिक हिंसा किन हुन्छ ?

- पितृसत्तात्मक सोच, रुढीवादी परम्परा तथा अन्य सामाजिक कुरितिजन्य व्यवहारबाट निर्देशित मानसिकताका कारणले,
- लैङ्गिकताको आधारमा गरिने भेदभावका कारणले
- समान शक्ति सम्बन्धका कारणले
- कानुनको अज्ञानताको कारणले




**लैङ्गिकतामा आधारित विभेदमा हिंसा बन्द गरौ ।**



**बिभेद हिँसा बन्द गरौ ।**

**सम्पर्क :**

**सर्वोदय नेपाल जुम्ला, कर्णाली**

मोबाईल नम्बरः ०८७-५२०४१४, वा ९८५८३२०४९८

*email: sarbodayanepaljumla@gmail.com*

*www.sarbodayanepaljumla.org.np*

# लैङ्गिक विभेद हिंसाका स्वरुपहरु:
# कानुनी रुपमा दण्डनीय छ ।

## छाउपडी



एकान्तमा वा अलगै राख्ने प्रथा छाउपडी हो । उनीहरुलाई महिनावारीको समयमा घरभित्रको नियमित दैनिक कामकाजमा र पौतिक साना, सर-सफाई गर्न रोक लगाइन्छ र कति ठाउँहरुमा घरबाहिर खासगरी असुरक्षित ठाउँमा बसाल्छन ।

## बाल विवाह



विवाहका लागि महिला र पुरुषको कानूनी रुपमा न्यूनतम उमेर २० वर्ष हो। २० वर्ष उमेरभन्दा कम उमेरको विवाहलाई "बालविवाह" मानिन्छ। बालविवाह कानूनी रुपमा दण्डनीय छ। विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन।

## बहुविवाह



कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्ता पुरुषसँग कुनै महिलाले विवाह गर्नु हुँदैन। बहविवाह गरेको थाहा पाएमा थाहाँ पाएको मितिले तीन महिना भित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ । बहविवाह गरेको ठहर भएमा यस्तो कसुर गर्नेलाई एक वर्षदेखि ५ वर्षसम्म कैद र १० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ । बहुविवाह स्वतः बदर हुन्छ।

## जबरजस्ती करणी



कसैले कुनै मिहलालाई निजको मञ्जरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि १८ वर्ष भन्दा कम उमेरको कुनै महिला वा वालिकालाई करणी गरेमा त्यसलाई जबर्जस्ती करणी गरेको मानिन्छ।

## मानव बेच्चबिखन



मानव बेचविखन भन्नाले कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने कार्य हो । त्यस्तै मानव ओसारपसार भन्नाले किन्ने वा बेच्ने उद्देश्यले वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य हो।

## घरेलु हिँसा



कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो भने शारीरिक (कुटपिट), आर्थिक वा मानसिक हिंसा गरेमा यस विरुद्धको उजुरी सम्बन्धित निकायमा उजुरी गर्नु पर्दछ। घरेलु हिसा गरेको ठहर भएमा ३ हजार देखि २५ हजार रुपैयाँ सम्म जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुनेछ।

## यौनजन्य दुर्व्यवहार



कसैले कुनै निकाय, कार्यालयमा आफ्नो पद, शक्ति वा अधिकारको दरुपयोग गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन । यौनजन्य दर्व्यवहार भित्र यौनजन्य आशयले शरीरको कुनै अङ्ग छोएमा वा कुनै प्रयास गरेमा, यौन जन्य क्रियाकलाप सँग सम्बन्धित शब्द, चित्र वस्तु आदी प्रदर्शन गर्ने जस्तो कार्यहरु पर्दछ।

## बोक्सी आरोप



कनै व्यक्तिलाई बोक्सो वा बोक्रीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्यती गर्ने, डोक्सीको आरोप लागेको परिवारका सदस्यलाई अपमानजनक व्यवहार गर्ने, सामाजिक बहिष्कार गर्ने, धामी झाक्रीको माध्यमबाठ बोक्सीको आरोप लगाउने, कुठपिठ गर्ने अंगभंग गर्ने कार्य गर्नु हुदैन।

## गाली बेइज्जती



कसैले होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गर्नु हुदैन । त्यसैगरि, अरुको इज्जतमा धक्का पुर्याउने नियतले लेखेर, आचरण वा आकार वा चिह्नन वा प्रचार प्रसारद्वारा अरुको दृशिमा निजको व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने गरी चरित्र हत्या गरेमा त्यसलाई बेइज्जती भनेर बुझिन्छ।

## कहाँ के सहायोग गर्ने ?

**यदि तपाई कुनै पनि निकायमा आफुमाथि भएका हिंसाको उजुरी तल उल्लेखित स्थानहरुमा तुरुन्त खबर गर्नुहोला ।**

- सर्बोदय नेपाल जुम्ला, शुल्क नलाग्ने नम्बर-१८१०५०००१५४
  नेपाल प्रहरीको शुल्क नलाग्ने नम्बर-१००
- बालबालकिा, बाल हेल्पलाईन-१०९८
- बालबालिका खोज तलाश केन्द्र, शुल्क नलाग्ने नम्बर-१०४
- राष्ट्रिय महिला आयोग, शुल्क नलाग्ने नम्बर- ११४५
- दीमा आमा घर जुम्ला ९८५८३२०७१२
- एकदार संकट व्यवस्थापन केन्द्र जुम्ला नं. ९८४८२१२२४८

**"सबै महिला र किशोरीहरुको विरुद्ध डिजिटल हिंसा अन्त्य गर्न एकजुट हौ" ।**

## कहाँ के सहायोग गर्ने ?

- शारीरिक हिंसाका कारण महिला तथा बालबालिकाहरु विभिन्न रोगहरुबाट प्रसित हुने, अगभग हुने, आत्मबल घटने नथा सामाजिक कार्यहरूमा सहभागी हुन नसक्ने गरि असरहरु पर्न सक्दछ।
- यौनिक हिमाबाट महिला तथा तथा बालबालिकाहरुमा बालबालिक अनिवित गर्भ रहने, गर्भपतन हुने, यौनाङ्ग अत्विक्षत हुने दाउ कम्मर दखने, ताल्लो पटको संक्रमण हुने, यौन रोगहरु तथा रैंच.आई.भीको जोखिम हुन सक्दछ।



- मानसिक हिंसाबाट महिला तथा बालबालिकामा मानसिक असन्तुलन, मुटुको रोग, मधुमेह आदि जस्ता विभिन्न रोगहरु लाग्न सक्दछन्।
- महिलाहरुमा आत्मविश्वासको कमि भई काम गर्न मन नलाग्ने, एकनोपन जस्ता मनोसामाजिक समस्या देखा पर्न सक्छन्।
- सामाजिक सांस्कृतिक हिंसाका कारण महिला तथा बालबालिकाहरुको शारीरिक बौद्धिक विकासमा अवरोध हुने, टाईजोका कारण आत्महत्या हुन सक्ने, सानो उमेरमा विवाहले गर्दा धेरै बच्चा जन्माउन बाध्य गराईनले स्वास्थ्य बिग्रने, महिनावारी बंदा बाहिर बस्नपर्ने बाध्यताहरुले थप जोखिम निम्त्याउनुका सांधे किशोरीहरुको पढाईमा समेत बाधा पुग्ने

UK International Development
Partnership | Progress | Prosperity
HAMRO SAHAS
हाम्रो साहस
UN WOMEN